कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८०/०८१(राजश्व उपशाखा)

च.नं.:

## लामो दुरीको बसपार्क भित्र रहेका भौतिक संरचना (सटरहरु) बहालमा दिने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८०/१२/०९

कोहलपुर नगरपालिका वडा नं ११ स्थित नयाँ बसपार्क भित्र रहेको विभिन्न सटरहरु बहालमा दिने सम्बन्धमा कोहलपुर नगर कार्यपालिकाको मिति २०८०/११/१४ गतेको निर्णय अनुसार तपसिल बमोजिमका सटरहरु देहायको दररेटमा बहालमा लगाउनुपर्ने भएकोले बहालमा लिन इच्छुक फर्म, कम्पनी, संस्था वा व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र देहायका शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.स | सटर नं | प्रति सटर प्रति महिना न्यूनतम मूल्य | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | A१, A३, A४, A५ | रु. १५०००। | रु.१८,०००। | |
| २ | B४, B५, B६, B८, B९, B१०, B११, B१२, B१३, B१४, B१५, B१७, B१८, B१९, B२०, B२१, B२२, B२३, B२५, B२६, B२७, B३० | रु.१००००। | रु.१२,०००। | बोलपत्र दस्तुर रु.१०००।- फिर्ता नहुने गरी |
| ३ | मेडिकल सटर | १२०००। | रु.१४,४००। | |

देहायः

१) इच्छुक दरभाउपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले १५औ दिन(२०८०/१२/२३ गतेसम्म) कार्यालय समयभित्र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म वा व्यवसायको हकमा तोकिएको निकायमा दर्ता भएको व्यवसाय दर्ता प्रमाणपत्र, अद्यावधिक नवीकरण गरेको प्रमाण, स्थायी लेखा नम्बर (PAN)दर्ता, र आ.व. २०७९/०८० सम्मको करचुक्ता प्रमाणपत्र सहित पछि फिर्ता नहुने गरी रु १०००(एक हजार रुपैया मात्र) दस्तुर तिरेको सक्कलै नगदी रसिद पेश गरेपछि यस कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ ।

२) सूचना बमोजिम पर्न आएका प्रस्तावहरु सोह्रौ दिन (२०८०/१२/२४ गते) दिनको १२ बजेसम्म दाखिला गरिसक्नुपर्नेछ । दरभाउपत्र सोही दिनको २ बजे प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोल्नुपर्नेछ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएकै कारणले प्रस्ताव खोल्न बाधा पुगेको मानिनेछैन ।

३) एकभन्दा बढी सटरको प्रस्ताव पेश गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले प्रत्येक सटरका लागि छुट्टाछुट्टै प्रस्ताव पेश गर्नुपर्नेछ ।

कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८०/०८१(राजश्व उपशाखा)

च.नं.:

४) साबिकमा भाडामा लिई सम्झौता रद्द गर्ने व्यक्ति, फर्म वा व्यवसायीले पुनः बहालमा लिन प्रस्ताव पेश गर्न पाउनेछैन । यसरी सम्झौता रद्द भएकाले प्रस्ताव पेश गरी निजले कबोल गरेको अङ्क सबैभन्दा बढी भएको भएतापनि निजको प्रस्ताव रद्द हुनेछ ।

५) सूचना बमोजिम प्रस्ताव पर्ने व्यक्ति, फर्म वा कम्पनीले आफूले प्रस्ताव हाली अन्य कुनै व्यक्ति, फर्म वा कम्पनीलाई भाडामा दिन पाउने छैन तर नगरपालिकाबाट स्वीकृति लिई नियमानुसार नामसारी गर्न सकिने।

६) धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा वा कम्तिमा ७५ दिन समयावधि भएको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्ने छ।

७) दरभाउपत्र खरिद रकम कोहलपुर नगरपालिकाको आन्तरिक राजश्व खाता नं ०७२०५०१०००२३५३६५ मा दाखिला गरी सक्कलै भरपाई पेश गर्नुपर्नेछ।

८) एक व्यक्ति वा फर्मले १ भन्दा बढी सटरहरुका लागी प्रस्ताव पेश गरेमा क्रमश A१, A३, A४, A५, B४, B५, B६, B८, B९, B१०, B११, B१२, B१३, B१४, B१५, B१७, B१८, B१९, B२०, B२१, B२२, B२३, B२५, B२६, B२७, B३० र मेडिकल सटर सम्म सिलसिलेबार रुपमा मूल्याङ्कन हुने र कुनै एकको पहिलो प्रस्ताव स्वीकृत भएमा अन्य प्रस्तावहरु स्वतः मूल्याङ्कन प्रक्रियाबाट बाहिरिने छ।

९) A१, A३, A४र B४, B५, B६, B८, B९, B१०, B११, B१२, B१३, B१४, B१५, B१७, B१८, B१९,B२०, B२१,B२२ सटरहरुमा कोहलपुर नगरपालिकाको स्थायी रुपमा बसोबास गर्ने स्थानीयले मात्र प्रतिस्पर्धा गर्न पाइनेछ । अन्यत्र स्थायी ठेगाना भएका व्यक्तिले यो सूचना प्रकाशन भएको मितिभन्दा अगावै कोहलपुर नगरक्षेत्रभित्र बसाँई सराँई गरेको प्रमाण पेश गरेमा मात्र निजको प्रस्ताव मूल्याङ्कन गरिनेछ । बाँकी सटरहरु र मेडिकल सटर को हकमा खुला प्रतिस्पर्धा हुनेछ।

१०) यस सूचना बमोजिमको दरभाउपत्र स्वीकृत भएमा प्रस्तावदाताले कोहलपुर नगरपालिकाको नाममा कृषि विकास बैंकमा रहेको खाता नं.०७२०५०१०००२३५२१७ मा आफूले कबोल गरेको अङ्कको कम्तिमा ३ महिना बराबरको नगद वा बैंक जम्मा गरेको भौचर पेश गरेपछि मात्र सम्झौता गरिनेछ।

११) प्रस्ताव पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिनमा उल्लेखित प्रकृयाहरु पुरा गरिनेछ ।

१२) यस सूचनामा उल्लेख नभएका शर्तहरु कोहलपुर बसपार्क व्यवस्थापन कार्यविधि, २०७९ तथा सार्वजनिक खरिद ऐन, २०६३(संसोधन सहित) एवं नियमावली, २०६४, अन्य प्रचलित कानून तथा कोहलपुर नगरपालिकाको निर्णय बमोजिम हुने छ।

.....................

धोलकराज ढकाल